# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।१०।०२ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

यातायात व्यवस्था कार्यालय सुकेधारा काठमाडौंमा कार्यरत नायव सुब्बा यादव पौडेल र खरिदार सुमन पोखेलले विदेशी सवारी चालक अनुमति-पत्रको नेपालीकरण गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगाल, काठमाडौंबाट खटिइ गएको टोलीले निजहरुले लेखापढी व्यवसायी अशोक कार्की मार्फत घुस रकम वापतको रु. ३२,०००/- ( बत्तीस हजार ) लिइसकेको अवस्थामा कार्यालय परिसरबाट नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज राष्ट्रसेवक कर्मचारीहरु नायव सुब्बा यादव पौडेल र खरिदार सुमन पोखेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिन आएकोले निजहरुलाई बिगो रु.३२,०००/- (बत्तीस हजार ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ तथा कार्की अनलाईन सेन्टरका सञ्चालक अशोक कार्कीले अनुसन्धानको क्रममा सहयोग गरेको हुँदा निज अशोक कार्कीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५५ वमोजिम सजायमा पूर्ण छुट दिई आयोगको साक्षीको रुपमा प्रस्तुत गर्ने गरी आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता